आज वि.सं. २०८० माघ ५ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३१ (एकतीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

नगरप्रमुख - श्री गुमानसिंह अर्याल
उप-प्रमुख - श्री पदमा गुरुङ
प्रमुख प्रशासकीय अधिकृत - श्री चेतनाथ अर्याल
वडा अध्यक्ष, वडा नं. १ - श्री दुर्गा बहादुर बुढाथोकी
" " " " - २ - श्री मदन बहादुर राना
" " " " - ३ - श्री चित्र बहादुर दनाई
" " " " - ४ - श्री राम बहादुर गुरुङ
" " " " - ५ - श्री इन्द्र बहादुर गुरुङ
" " " " - ६ - श्री प्रकाश थापा
" " " " - ७ - श्री ऋषिराम बस्नेत
" " " " - ८ - श्री पवित्रा थापा राना
" " " " - ९ - श्री खुशिजंग गुरुङ
" " " " - १० - श्री गंगा बहादुर थापा
" " " " - ११ - श्री शिव प्रसाद जोशी
कार्यपालिका सदस्य - श्री हिरालाल विश्वकर्मा
" " - श्री श्रीनाथ दुलाल
" " - श्री कल्पना थापा बोहरा
" " - श्री बिमला न्यौपाने अधिकारी
" " - श्री सुकमाया गुरुङ
" " - श्री सुकमाया घर्ती
" " - श्री मनिता परियार

## सहजकर्ता कर्मचारीको उपस्थिति

प्रशासन/योजना शाखा प्रमुख - श्री शम्भु प्रसाद घिमिरे
सामाजिक विकास शाखा प्रमुख - श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा सम्बन्धमा ।
३. समपुरक र विशेष अनुदानतर्फका आयोजना छनौट सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को आय व्यय प्रक्षेपण सम्बन्धमा ।
५. लागत साझेदारीतर्फका आयोजना छनौट सम्बन्धमा ।
- सडक कालोपत्रे तथा ढलान (६०/४०)
- सामुदायिक भवन (५०/५०)
- दलित समुदायको सामुदायिक भवन (७०/३०)

६. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
७. प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।
८. औद्योगिक ग्रामतर्फको बजेट कार्यान्वयन सम्बन्धमा ।
९. ठेक्का सम्झौता रद्द गरी रकम असुल उपर गर्ने सम्बन्धमा ।
१०. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
११. ठेक्का नलागेका घाटहरुको बालुवा बिक्री सम्बन्धमा ।
१२. गोरुपालक कृषक सम्मान सम्बन्धमा ।
१३. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
१४. नगरपालिकास्तरीय महिला सञ्जालमा सदस्य मनोनयन सम्बन्धमा ।
१५. विविध
- झोलुङ्गे पुल हटाउने सम्बन्धमा । (मर्स्याङ्दी नदी बेनपा ११ र दोर्दी ४)
- कार्ययोजना कार्यान्वनय स्थानीय समिति गठन सम्बन्धमा । (महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी कार्ययोजना
- लागु औषध नियन्त्रण समिति गठन सम्बन्धमा ।
- कार्यालय प्रयोजनको लागि घर भाडामा लिने सम्बन्धमा ।
- मोटरसाइकल मर्मत गरी सञ्चालनमा ल्याउने सम्बन्धमा ।
- सडकको लगत कट्टा सम्बन्धमा ।
- जमानत जफत सम्बन्धमा ।
- त्रिवेणी कपमा नगरपालिकको टीमको खर्च सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०९/१५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा सम्बन्धमा ।**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment_LISA) कार्यविधि २०७७ वमोजिम यस बेसीशहर नगरपालिकाले गत आर्थिक बर्ष २०७९/०८० सम्पादन गरेका कार्यहरुको समग्र स्थिति, कार्यप्रक्रिया र परिमाणात्मक स्थितिको बारेमा चालु आ.व. २०८०/०८१ मा सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको देहाय वमोजिमको प्रारम्भिक नतिजा स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

***देहाय***

**(क) जम्मा प्रासाङ्क : ७४%**

(१) समग्र स्थिति :७८.५७ %

(२) प्रक्रियागत स्थिति : ७६.४७%

(३) परिमाणात्मक स्थिति : ७०%

**(ख) क्षेत्रगत सूचकहरुमा प्राप्त अंक :**

(१)शासकीय प्रवन्ध :९४.४४%

(२) संगठन तथा प्रशासन : ७८.१३%

३) बार्षिक बजेट तथा योजना व्यवस्थापन : ६३.६४%

(४) वित्तिय एवम् आर्थिक व्यवस्थापन : ७९.५५%

(५) सेवा प्रवाह: ६०.९४%

(६) न्यायिक कार्य सम्पादन : १००%

(७) भौतिक पूर्वाधार : ७१.१५%

(८) सामाजिक समावेशीकरण : ७५%

(९) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन : ६९.४४%

(१०)सहकार्य र समन्वय : ६२.५%

**निर्णय नं ३ : समपुरक र विशेष अनुदानतर्फका आयोजना छनौट सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग काठमाण्डौको मिति २०८०/०८/३० मा प्रकाशित प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार आ.व. २०८१/०८२ का लागि सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुका लागि यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना/कार्यक्रमहरु छनौट गरी प्रस्ताव सहित विवरण तयार गरी माग गर्ने निर्णय गरियो ।

**(क)समपुरक अनुदानतर्फः**

१.धुरपुरे-दिहीथोक-विम्दा-सितलेस्वाँरा-बाखेजगत सडक स्तरोन्नति, बेनपा ९ र ५ (क्रमागत)

२.उदिपुर-नयागाउँ सडक स्तरोन्नति बेसीशहर नगरपालिका १ (क्रमागत)

३.बेसीशहर (युनिभर्सलचोक) मकैडाँडा सारिङ सडक स्तरोन्नति बेसीशहर नगरपालिका ६ र ७

**(ख)विशेष अनुदानतर्फः**

१. आठ कोठे भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण( अन्नपूर्ण मा.वि. बेनपा ५) (क्रमागत)

**मान सिंह अर्याल**
नगर प्रमुख

नगरपालिका
कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

२. चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण बेसीशहर नपा ६

**निर्णय नं ४: आ.व. २०८१/०८२ को आय व्यय प्रक्षेपण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को अनुमानित आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी सङ्घीय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८१/०८२ का लागि प्रक्षेपित आय व्यय विवरण

आय प्रक्षेपण २०८१/०८२

| क्र.सं | विवरण | आ.व. २०८१/०८२ का लागि प्रक्षेपित आय रु. हजारमा |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय अनुमान | ५०००० |
| २ | समानीकरण अनुदान (संघ) | २००००० |
| ३ | राजश्व बाँडफाँड (संघ) | १५०००० |
| ४ | सशर्त अनुदान (संघ) | ४००००० |
| ५ | समपुरक अनुदान (संघ) | ६०००० |
| ६ | विशेष अनुदान (संघ) | ३०००० |
| ७ | समानीकरण अनुदान (प्रदेश) | ३०००० |
| ८ | राजश्व बाँडफाँड (प्रदेश) | २०००० |
| ९ | सशर्त अनुदान (प्रदेश) | १५००० |
| १० | समपुरक अनुदान (प्रदेश) | १०००० |
| ११ | विशेष अनुदान (प्रदेश) | १०००० |
| १२ | विविध | ६०००० |
| | जम्मा अनुमानित आय | १,०३,५०,०० |

व्यय प्रक्षेपण २०८१/०८२

| | | |
|---|---|---|
| १ | चालु खर्च | ५५०००० |
| २ | पुँजीगत खर्च | ४८५००० |
| | जम्मा अनुमानित व्यय | १,०३,५०,०० |

**निर्णय नं ५: लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलानतर्फका आयोजना सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा चालु आ.व. २०८०/०८१ को सडक ढलान तथा कालोपत्रेतर्फ देहायको आयोजनाहरु छनौट गरी चालु आ.व. भित्रै सम्पन्न गर्ने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

देहायः

माज सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

| क्र. सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | दुवारे गाउँ जाने बाटो स्तरोन्नति | ७ | १५२२६८४ | ९१३६१० |
| २ | नारायणस्थान चोकदेखि भित्रीबाटो सन्जोकमार्ग ढलान | ८ | ७८८३०२ | ४७२९८१ |
| ३ | मानेस्वाँरा सेरा सडक ढलान | ६ | १०००००० | ६००००० |
| ४ | दल बहादुर खवासको घरदेखि हरि अधिकारीको घरसम्मको सडक स्तरोन्नति | ८ | १६४०११० | ९८४०६६ |
| | जम्मा | | ४९५१०९६ | २९७०६५८ |

**निर्णय नं ६ : लागत साझेदारीमा सामुदायिक भवनतर्फको आयोजनाहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र स्थानीय समुदायको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि चालु आ.व. २०८०/०८१ मा सम्पन्न हुने गरी देहायका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

| क्र. सं | आयोजनाको नाम | वडा नं | विनियोजित रकम |
|---|---|---|---|
| १ | बेलौती विसौना ट्रस भवन निर्माण | ६ | २५०००० |
| २ | घ्याउसीबास गाउँटोल प्रतिक्षालय भवन निर्माण | १ | १००००० |
| ३ | शान्तिटोल भवन शौचालय निर्माण | ९ | २००००० |
| ४ | विम्दागाउँ सामुदायिक भवन मर्मत | ९ | २००००० |
| ५ | तमु समाज भवन निर्माण | १ | १००००० |
| ६ | त्रिवेणीघाट मरणघाट चिता निर्माण | ११ | १५०००० |
| | जम्मा | | १०००००० |

**निर्णय नं ७ : लागत साझेदारीमा दलित समुदायको सामुदायिक भवनतर्फको आयोजनाहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको ७० र स्थानीय दलित समुदायको ३० प्रतिशत लागत साझेदारीमा दलित समुदायको सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि चालु आ.व. २०८०/०८१ मा सम्पन्न हुने गरी देहायको आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

१. भर्तेलगाउँ दलित सामुदायिक भवन निर्माण, बेनपा २

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

**निर्णय नं ८ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत अनुसूचीमा संलग्न वमोजिमका कर्मचारीहरुको म्याद २०८० पुस मसान्तमा समाप्त भएको तथा निजहरुको हालसम्मको कार्यसम्पादन सन्तोषजनक नै रहेकोले म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८१ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसीको करार सेवाको म्याद २०८० पुस मसान्तमा समाप्त भएको हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८१ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : औद्योगिक ग्रामतर्फको बजेट कार्यान्वयन सम्बन्धमा ।**

संघीय सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम अवधारणा अनुसार यस बेसीशहर नगरपालिका वडा नं ५ र ९ सितलेस्वाँरामा औद्योगिक ग्राम निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी स्वीकृत भै सकेको हुँदा हालसम्म उपलब्ध बजेट रु. ९२ लाख मध्येबाट प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) को लागि रु. ५ लाख विनियोजन गरी बाँकी बजेटबाट औद्योगिक ग्रामस्थल सम्मको पहुँच मार्ग स्तरोन्नति गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : ठेक्का सम्झौता रद्द गरी रकम असुल उपर गर्ने सम्बन्धमा ।**

संघीय सरकारको विशेष अनुदानतर्फ आ.व. २०७८।७९ मा यस बेसीशहर नगरपालिका वडा नं ६ स्थित चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण आयोजना (२ वर्षे) स्वीकृत भै नगरपालिकाबाट प्रक्रिया वमोजिम टेण्डर आह्वान गरी छनौट भएको संस्था कोजु/देसेमरु जे.भी.,दुधपाटी-१ भक्तपुर र यस बेसीशहर नगरपालिका विच मिति २०७८/११/२६ मा उक्त भवन निर्माणको लागि सम्झौता भई पेश्की/ अग्रिम भुक्तानी रु. २५ लाख ७५ हजार लिएको तर निर्माण कार्य अघि नबढाएको र यस सम्बन्धमा पटक पटक पत्राचार गरी सचेत गराउँदा पनि सम्पर्कमा नआई सम्झौता अवधीको म्याद गुजारेको हुँदा हदैसम्मको अटेर गरी काममा गम्भीर लापर्वाही गर्ने उक्त फर्मसंगको ठेक्का सम्झौता रद्द गरी प्रक्रिया वमोजिम लिएको पेश्की/ अग्रिम भुक्तानी रकम असुल उपर गराउने साथै उक्त फर्मलाई कालो सूचीमा राख्नको लागि सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ : वडास्तरीय योजना/कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम, वेनपा ३ | १०००००० | १.१ त्रिवेणी युवा क्लव सहयोग<br>१.२स्थानीय भेषभूषा तथा पञ्चेबाजा संरक्षण तथा प्रोत्साहन, बेनपा ३ | १००००<br>५०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | १.३ मिलनटोल गोरेटोबाटो ढलान, बेनपा ३ | ५०००० |
| | | १.४ दिर्घरोगी जेष्ठ नागरिकलाई सुगरकिट वितरण, बेनपा २ | २०००० |
| | | १.५गर्भवती महिलाहरुलाई पोषण सामाग्री वितरण, बेनपा ३ | ५०००० |
| | | १.६ अन्नपूर्ण मावि हिरक जयन्ती सहयोग, बनेपा ५ | १०००० |
| २.फुटकर योजना तथा कार्यक्रम, बेनपा ७ | ३२९००० | २. मर्स्याङ्दी क्याम्पस फर्निचर खरिद, बेनपा ७ | ६५००० |
| ३.विविध खेलकुँद कार्यक्रम सञ्चालन तथा सामाग्री व्यवस्थापन, बेनपा ७ | १००००० | ३.१चौथो मेयरकप २०८० खेलाडी सहभागी खर्च, बेनपा ७ | ५२४०० |
| | | ३.२ ३१ औं त्रिवेणी कप सञचालन खर्च, बेनपा ७ | २७२०० |
| ४.विविध कार्यक्रम, बेनपा ११ | ५००००० | ४.महिला स्वास्थ्य स्वयंसेविका/ महिला सञ्जाल अवलोकन भ्रमण बेनपा ११ | ३०००० |
| ५.फुटकर कार्यक्रम बेनपा १० | २००००० | ५.जेष्ठ नागरिक सम्मान कार्यक्रम बेनपा १० ( पुनश्च :कुल बजेट रु १ लाख ५० हजार कायम) | ५०००० |
| ६. दलित लक्षित तथा आर्थिक सशक्तिकरण र अन्य फुटकर कार्यक्रम, बेनपा २ | ५००००० | ५.१ अस्थायी प्रहरी विट गैरी र भकुण्डे इन्टरनेट खर्च र सिसिटिभी मर्मत, बेनपा २ | ३०००० |
| | | ५.२ अस्थायी प्रहरी बिट गैरी र भकुण्डे दशैं लगायत चाडबाड खर्च, बेनपा २ | १०००० |
| ७. महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिबृद्धि तथा अवलोकन भ्रमण/पोषण कार्यक्रम, बेनपा २ | २५०००० | ५.१महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिबृद्धि तथा अवलोकन भ्रमण, बेनपा २ | १५०००० |
| | | ५.२ पोषण कार्यक्रम, बेनपा २ | १००००० |
| ८. फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | ५१४००० | ५.१ मेयरकप सहभागी खेलाडी खाना, खाजा, यातायात, पोशाक र सामाग्री खरिद, बेनपा ४ | ७०००० |
| | | ५.२ त्रिवेणी कप सहयोग | २०००० |
| | | ५.३ स्वास्थ्य शिविर सञ्चालन, बनेपा४ | २५००० |
| | | ५.४ पिर्के रोंटेपिङ निर्माण, बेनपा ४ | २०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | ५.५ प्रहरी चौकी दुराडाँडा मोटरसाइकल मर्मत | ५००० |
| ९. पुरानो गुम्बा गेट निर्माण, बेनपा ४ | ३००००० | ९.बुद्ध मिलन आमा समुह भवन मर्मत, बेनपा ४ | ३००००० |

**निर्णय नं १३ : ठेक्का नलागेका घाटहरुको बालुवा बिक्री सम्बन्धमा ।**

नदिजन्य पदार्थ (बालुवा, गिटी, ग्राभेल) संकलन/उत्खनन् तथा बिक्रीको लागि चालु आ.व. २०८०/०८१ मा नगरपालिकाबाट लगाइएको आय ठेक्काहरुमध्ये तेश्रो पटक सूचना प्रकाशन हुँदा समेत सम्झौता हुन नसकेका घाटहरुमा न्यूनतम ठेक्का रकममा नघटाई ठेक्का सम्झौता गर्न समेत कुनै व्यक्ति, फर्म वा कम्पनीहरु नआएको हुँदा उक्त घाटहरुमा रहेको बालुवा, गिटी, ग्राभेल इच्छुक व्यक्ति वा फर्मलाई प्राविधिक इष्टिमेटको आधारमा राजश्व लिई बिक्रीको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं १४ : गोरुपालक कृषक सम्मान सम्बन्धमा ।**

चालु आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अन्तर्गत विपन्न गोरुपालक कृषक प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनको सन्दर्भमा यस अघि तयार गरिएको मापदण्ड र वडागत रुपमा निर्धारण गरिएको कृषक संख्याको आधारमा वडाहरुबाट छनौट भएका गोरुपालक कृषकहरुलाई मिति २०८० माघ २९ गतेका दिन सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : सार्वजनिक सुनवाई सम्बन्धमा ।**

मिति २०८० माघ ७ गते गर्ने भनिएको सार्वजनिक सुनुवाई विविध कारणवश उक्त दिन गर्न नसकिएको हुँदा उक्त सार्वजनिक सुनुवाई मिति २०८० माघ १९ गते जिल्ला समन्वय समितिको हलमा आयोजना गर्ने र उक्त कार्यक्रमको सहजीकरणको लागि देहाय अनुसारको समितिलाई जिम्मेवारी दिने साथै उक्त समितिबाट आएको प्रस्तावना स्वीकृत गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

देहायः

(क)आश गुरुङ, रेडीयो चौतारी

(ख)मिना गुरुङ, रेडीयो मर्स्याङ्दी

(ग) रामजी राना, रेडीयो लमजुङ

**निर्णय नं १६ : नगरपालिकास्तरीय महिला सञ्जालमा सदस्य मनोनयन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८० को दफा ६ (१) ग वमोजिम नगरपालिकास्तरीय महिला सञ्जालको सदस्यमा देहायका व्यक्तिहरु मनोनयन गर्ने निर्णय गरियो ।

देहाय

१.रेणुका ठकुरी वोहरा, बेनपा २

२.कृष्णा नेपाली, बेनपा ११

३.आशा तामाङ, बेनपा ८

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

**निर्णय नं १७ : झोलुङ्गे पुल हटाउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ र दोर्दी गाउँपालिका वडा नं ४ नौथर स्थित मर्स्याङ्दी नदिमा रहेको झोलुङ्गे पुल सो स्थानमा मोटरेवल पुल निर्माण भएको कारण उपयोग विहीन भएकोले र उक्त पुलमा जोखिम समेत बढ्न गएकोले सो झोलुङ्गे पुल हटाउने व्यवस्थाको लागि शहरी विकास मन्त्रालय/झोलुङ्गे पुल महाशाखामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : कार्ययोजना कार्यान्वनय स्थानीय समिति गठन सम्बन्धमा ।**

महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्यायोजना (आ.व. २०७९/८०-२०८१/८२) को बुँदा नं १२.५ वमोजिम यस बेसीशहर नगरपालिकामा देहाय वमोजिमको कार्ययोजना कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

(क) संयोजक- नगरप्रमुख, बेसीशहर नगरपालिका
(ख) सदस्य- उपप्रमुख, बेसीशहर नगरपालिका
(ग) सदस्य- प्रमुख, प्रशासकीय अधिकृत बेसीशहर नगरपालिका
(घ) सदस्य- वडाध्यक्षहरु सवै, बेसीशहर नगरपालिका
(ङ) सदस्य- नगरपालिकास्तरीय महिला सञ्जालको अध्यक्ष
(च) सदस्य- जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि
(छ) सदस्य-जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि
(ज) सदस्य सचिव- सामाजिक विकास शाखा प्रमुख बेसीशहर नगरपालिका

**निर्णय नं १९ : लागु औषध नियन्त्रण समिति गठन सम्बन्धमा ।**

नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको लागु औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६ मा व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकामा लागु औषध दुर्व्यसनबाट प्रभावित व्यक्तिहरु वा सर्वसाधरणलाई लागु औषध दुर्व्यसन विरुद्द र लागु औषध रोकथाम र नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि नगर प्रमुखको अध्यक्षतामा अनुसूचीमा संलग्न भए वमोजिमका सदस्यहरु रहेको स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : कार्यालय प्रयोजनको लागि घर भाडामा लिने सम्बन्धमा ।**

नगरपालिकाको प्रशासकीय कामकाज र सेवा प्रवाहको लागि हालको भवनमा रहेका कार्यकक्षहरु अपर्याप्त भएको साथै ७ नं वडा कार्यालयको लागि समेत भवन आवश्यक परेको हुँदा यी दुवै प्रयोजनको लागि उपयुक्त भवनहरुको खोजी गरी प्रकृया वमोजिम भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं २१ : मोटरसाइकल मर्मत गरी सञ्चालनमा ल्याउने सम्बन्धमा ।**

नगरपालिकामा बिग्रिएर बसेका मोटरसाइकलहरु आवश्यक मर्मत गरी पुनः सञ्चालनमा ल्याउन सकिने देखिएकोले मर्मत हुन सक्ने मोटरसाइकलहरुको मर्मत कार्य गरी कार्यालयको कामको लागि प्रयोगमा ल्याउने निर्णय गरियो ।

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१०/०९ गतेको बैठक

**निर्णय नं २२ : सडकको लगत कट्टा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ९ पाखाथोक स्थित विष्णुमाया अर्यालको नाममा रहेको कित्ता नं १४५२ र १०८० जग्गाबाट सोही स्थानको श्याम बहादुर अर्याल र स्व. खिम बहादुर अर्यालको नाममा रहेको क्रमशः कित्ता नं १०७९ र १५४७ को जग्गामा छुने गरी ४ मिटरको बाटो कायम गरी सो बाटोले लिएको जग्गा लगत कट्टा गर्ने व्यवस्थाको लागि मालपोत र नापी कार्यालय लमजुङलाई सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं २२ : जमानत जफत सम्बन्धमा ।**

मिति २०८०/०९/०१ मा मेडिकल सामाग्री खरिदको लागि सूचना प्रकाशन भएको र २०८०/०९/२५ मा सवैभन्दा कम दररेट देखिएको श्री लाइफ लाइन ड्रप प्रा.लि. काठमाण्डौलाई सम्झौताका लागि बोलाईएकोमा तोकिएको समय अवधीभित्र कार्यालयमा सम्पर्कमा नआएकोले दोस्रो कम रेटमा दरभाउ पेश गर्ने चुनचुन फार्मेसी पोखरासंग सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने साथै लाइफ लाइन ड्रप प्रा.लि.को धरौटी जफतको लागि कार्यालयबाट भएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ : त्रिवेणी कपमा नगरपालिकको टीमको खर्च सम्बन्धमा ।**

मेयरकपबाट खेलाडीहरु छनौट गरी नगरपालिकाको टीम तयार गरी ३१ औं त्रिवेणी कप राष्ट्रव्यापी खुल्ला फुटबल प्रतियोगितामा नगरपालिकाको टीम सहभागी गराइएको सन्दर्भमा भएको बन्द प्रशिक्षण तथा त्रिवेणी कपमा सहभागी हुँदा वापतको एकमुष्ठ खर्च रु. ५ लाख १६ हजार अन्य खेलकुँद प्रतियोगिता सञ्चालन तथा खेलकुँद सामाग्री सहयोग शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

मान सिंह अर्याल
नगर प्रमुख